अनुसूची २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

# मनराशिसवा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड-८ संख्याः-२२ मितिः२०८१/१०/११

भाग-२

मनराशिसवा नगरपालिका

# नागरिक आरोग्य सेवा संचालन कार्यविधि, २०८१

प्रमाणिकरण मितिः २०८१/१०/११ आज्ञाले,

राजेश कुमार शर्मा

प्रमुखप्रशासकीय अधिकृत

# नागरिक आरोग्य सेवा संचालन कार्यविधि,२०८१

(मिति २०८१।१०।११ गतेको कार्यपालिका बाट स्वीकृत)

# मनराशिसवा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### मनरा, महोत्तरी, मधेश प्रदेश, नेपाल

# नागरिक आरोग्य सेवा संचालन कार्यविधि, २०८१

(मिति २०८१|१०|११ गतेको कार्यपालिका बाट स्वीकृत)

## पृष्ठभूमिः

नेपालको संविधानको धारा ३५ ले प्रत्येक नागरिकलाई राज्यबट आधारभुत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने एवं स्वास्थ्य सेवामा समान पहुँच प्राप्त हुने बिषय लाई मौलिक हकको रूपमा प्रत्याभूत गरेकोछ | नागरिकलाई स्वस्थ बनाउन राज्यले स्वास्थ्य क्षेत्रमा लगानी अभिबृधि गर्ने एवं गुणस्तरीय,सहज,सुलभ स्वास्थ्य सेवामा समान पहुँच सुनिश्चित गर्दै सबैको स्वस्थ जिवन प्रत्याभूत गरी दिगो बिकास सुनिश्चित गर्नुपर्ने दायित्व पनि संबिधानबाटै निर्देशित छ | नेपालमा उपलब्ध स्वास्थ्य सुचक हरूको आधारमा भन्नुपर्दा संक्रामक रोगहरूको चुनौतिको साथै नसर्ने प्रकृतिका रोगहरू जस्तैः मोटोपन,क्यान्सर,उच्च रक्तचाप, मुटु सम्बन्धि रोगहरू, मधुमेह, मृगौला, कलेजो र फोक्सोका रोगहरू, मानसिक रोग आदिको प्रकोप पनि बढ्दै गएको छ ।

यी सबै कुराहरूलाई मध्यनजर गरी मनराशिसवा नगरपालिका को निति तथा कार्यक्रममा “स्वस्थ नागरिक,स्वस्थ समाज र स्वस्थ जिवन” भन्ने अवधारणालाई कार्यान्वयनमा ल्याउन नागरिक आरोग्य कार्यक्रम संचालन गरिनेछ भनी उद्घोष गरिएको छ ।

## उदेश्यः

“मेरो स्वास्थ्य मेरो जिम्मेवारी” भन्ने नारालाई सार्थक पार्न आम नागरिकलाई शारिरीक,मानसिक र अध्यात्मिक रूपमा स्वस्थ एवं सवल बनाई नसर्ने रोगको प्रकोपलाई न्यूनिकरण गर्न नागरिकहरूको सहभागिता मार्फत आयर्वेद,योग तथा जडिबुटी को माध्यमबाट शारिरीक तथा मानसिक रूपमा स्वस्थ शरिर,सकारात्मक सोच र व्यक्तित्व बिकास गरी स्वस्थ समाज निर्मान गर्नको निमित्त यो कार्यबिधि तयार गरिएको छ ।

१.**व्यवस्थाः** यस मनराशिसवा नगरपालिकामा नगर स्तरीय नागरिक आरोग्य समिति र वडा स्तरीय नागरिक आरोग्य समुहहरू निर्माण गरिनेछ ।

### क्रियाकलापहरू

२. नागरिक आरोग्य सेवा संचालन गरिने क्रियाकलापहरूः कार्यक्रम अन्तर्गत देहाय बमोजिमका क्रियाकलापहरू संचालन गरिनेछ ।

(क) कार्यक्रम संचालनको निमित्त Training of Trainers (TOT) तयार गर्ने |

(ख) संघ सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गतका उच्च पदस्थ व्यक्तित्व एवं सरोकारवालाहरू लाई जानकारी गराउने ।

(ग) प्रदेश सरकार अन्तर्गत सामाजिक बिकास मन्त्रालय अन्तर्गतका उच्च पदस्थ व्यक्तित्व एवं सरोकारवालाहरूलाई अभिमुखिकरण गराउने ।

(घ) जिल्लामा संघ र प्रदेशको समन्वयमा जिल्ला स्थित सरकारी तथा गैर सरकारी कार्यालयका प्रमुखहरू र जिल्ला स्तरमा स्वास्थ्य सँग आबद्ध संघ संस्थाका प्रमुखहरूलाई अभिमुखिकरण गराउने ।

(ङ) नगर स्तरीय नागरिक आरोग्य समिति मार्फत वार्ड अध्यक्ष,वार्ड सदस्य एवं स्वास्थ्यकर्मीहरूलाई अभिमुखिकरण गराउने ।

३. नागरिक आरोग्य सेवा अभियानमा संचालन गरिने क्रियाकलापहरू: “मेरो स्वास्थ्य मेरो जिम्मेवारी” भन्ने नारालाई सार्थक पार्न देहाय बमोजिमका क्रियाकलापहरू संचालन गर्न बुदा नं.१ बमोजिम गठित समितिहरूलाई आह्वान गर्नेः

(क) तोकिएबमोजिमका योग (आसन,प्राणायाम,ध्यान) एवं सकारात्मक जिवनशैली सम्बन्धि विविध प्रशिक्षण ।

(ख) कार्यक्रममा उपस्थित सबैको “स्वस्थ जिवनशैली मापन (Healthy Lifestyle Assessment) “गर्ने ।

(ग) स्थानिय जडिबुटि परिचय,प्रयोग,रोपन एवं संरक्षण सम्बन्धि अभियानमुलक कार्यक्रम संचालन गर्ने।

(घ) आयुर्वेदीय जिवनशैली,स्वस्थकर आहार एवं सरसफाईका लागि पोस्टर,छपाई तथा वितरण गर्ने ।

(ङ) “मेरो स्वास्थ्य मेरो जिम्मेवारी” भन्ने नारा अन्तर्गत आम-जनता, जन-प्रतिनिधि, कर्मचारी, शिक्षक, राजनैतिक दलका प्रतिनिधि, नागरिक समाज आदिले आ-आफ्नो घर-आँगन,कार्यालय,चोक,बजार,सडक,सामुदायिक चर्पी आदि सफाई गर्ने ।

(च) माथिको उदेश्य पुरा गर्नको निमित्त सामाजिक संजालको समेत प्रयोग गर्ने ।

## समितिहरूः

४. नगर स्तरिय आरोग्य समितिः नागरिक आरोग्य सेवा कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागि देहायबमोजिमको समिति रहनेछः

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजन |
| (ख) अस्पताल वा स्वास्थ्य संस्था प्रमुख | सदस्य |
| (ग) स्वास्थ्य शाखा संयोजक | सदस्य |
| (घ) शिक्षा शाखा प्रमुख | सदस्य |
| (ङ) संयोजकले मनोनित गरेका स्वास्थ्यका २ जना अभियन्ता | सदस्य |
| (च) आयुर्वेद स्वास्थ्य संस्था प्रमुख | सदस्य सचिव |

**५. समितिको काम,कर्तव्य र अधिकारः** बुंदा नं. ४ बमोजिमको समितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्तरमा कार्यक्रमको नीति तथा योजना बनाउने र कार्यन्वयन गराउने |

(ख) वडास्तरीय अभिमुखिकरण गराउने |

(ग) कार्यक्रमको लागि स्रोत-साधनको व्यवस्था गर्ने-गराउने |

(घ) स्वयंसेवक र अभियन्ताहरूको परिचालन गर्ने |

(ङ) कार्यक्रमको अनुगमन गरी सुधारका लागि सहजिकरण गर्ने |

६. <u>वडा स्तरिय नागरिक आरोग्य समुहको व्यवस्थाः</u>

वडास्तरमा कार्यक्रम कार्यान्वयन र आवश्यक समन्वय गर्नको लागि सम्बन्धित वडाका अध्यक्ष संयोजक रहने गरी तपसिल बमोजिमका प्रतिनिधिहरू संलग्न गराई वडास्तरमा नागरिक आरोग्य समुहहरू निर्माण गरिनेछ ।

<u>तपशिलः</u>

वडास्थित स्वास्थ्य संस्था प्रमुख, सम्बन्धित वडामा रहेका सार्वजनिक विद्यालयका प्रधानाध्यापक, आमा समूह प्रतिनिधि, महिला स्वास्थ्य स्वयंसेविका, स्थानीय समाजसेवी सदस्य रहनेछ ।

(नोटः आवश्यकतानुसार वडाले नागरिक आरोग्य समुहमा रहने सदस्यहरु थपघट गर्न सक्नेछ ।)

७. <u>**नागरिक आरोग्य समुहको काम, कर्तव्य र अधिकारः**</u> नागरिक आरोग्य समुहको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) “मेरो स्वास्थ्य मेरो जिम्मेवारी" भन्ने नारालाई सार्थक पार्न नागरिक आरोग्य कार्यक्रमलाई टोल-टोलमा कार्यन्वयन गराउने ।

(ख) कार्यक्रमको लागि स्रोत-साधनको परिचालन गर्ने गराउने ।

(ग) स्वयंसेवक र अभियान्ताहरुको परिचालन गर्ने ।

(घ) सामुहिक रुपमा योग (आसन, प्राणायाम, ध्यान) एवं सकारात्मक जीवनशैली सम्बन्धी प्रशिक्षण दिने व्यवस्था मिलाउने, उपस्थित सबैको "स्वस्थ जीवनशैली मापन (Healthy Lifestyle Assessment) मापन गर्ने ।

(ङ) तोकिए बमोजिमका स्थानीय जडिबुटी परिचय, प्रयोग, रोपण एवं संरक्षण सम्बन्धी अभियानमूलक कार्यक्रम संचालन गरी प्रत्येक नागरिकले बगैंचा, खेतबारी, करेसाबारी, गमला आदिमा जडिबुटी रोपण गर्ने ।

(च) प्रत्येक टोलवासीको सहभागितामा वडास्तरीय सरसफाई कार्य गर्ने ।

(छ) आयुर्वेदीय जीवनशैली एवं स्वस्थकर आहार सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने ।

(ज) नगरपालिकालाई नियमित प्रतिवेदन दिने ।

(ञ) स्थानीय नागरिक आरोग्य समितिले तोके बमोजिम अन्य कार्य गर्ने ।

८. <u>कार्यक्रम संचालन भए पश्चात प्राप्त हने उपलब्धिहरू हासिल हुनेछन्:</u>

(क) सर्ने तथा नसर्ने रोगको न्यूनीकरण हुनेछ ।

(ख) प्रत्येक नागरिक स्वस्थ भई दिर्घायु हुनेछन ।

(ग) नागरिकलाई शारीरिक, मानसिक एवं अध्यात्मिक रूपमा स्वस्थ तथा सबल वनाई समग्र स्वास्थ्य सेवामा टेवा पुर्याउनेछ ।

(घ) राज्यको स्वास्थ्य क्षेत्रमा लगानी घट्नुका साथै प्रतिव्यक्ति आय बढ्न गई "समृद्ध नेपाल सुखी नेपाली" भन्ने नारा सार्थक हुनेछ ।

(ङ) सामाजिक मूल्य-मान्यतामा आएको स्खलनलाई रोक्न मद्धत गर्नेछ ।

(च) सामाजिक सद्भावमा अभिवृद्धि गरी आफ्नो मौलिक चिकित्सा विधिको स्वतस्फुर्त प्रयोगको माध्यमबाट असल राष्ट्रिय भावनालाई दिगोरुपमा जागृत गराई स्वास्थ्यको माध्यमबाट सामाजिक सद्भाव तथा समग्र राष्ट्रिय एकतामा टेवा पुर्याउनेछ ।